## الدرس الأول - نيبالي
أحكـام اللبـاس

## पाठ - 1
# पोशाकको बिषय

इस्लाम चाहिं सुन्दर्ता र सफाइको धर्म हो, मुस्लिमलाई सुन्दर र सोहाँउदो रुपमा प्रकट हुनको अनुमति दिएको छ बरु त्यस प्रति प्रेरित गरेकोछ, अल्लाह तआलाले शरिरलाई छोपनुको लागि र सुन्दर्ता प्राप्त गर्नुको लागि पोशाकको सृष्टि गर्नु भएको छ, अल्लाह तआलाले भन्नु भयो :

﴿يَا بَنِي آدَمَ قَدْ أَنْزَلْنَا عَلَيْكُمْ لِبَاسًا يُوَارِي سَوْآتِكُمْ وَرِيشًا وَلِبَاسُ التَّقْوَى ذَلِكَ خَيْرٌ ذَلِكَ مِنْ آيَاتِ اللهِ لَعَلَّهُمْ يَذَّكَّرُونَ﴾

हे आदमका सन्तान ! हामीले तिम्रो लागि पोशाक बनायौं जसले तिम्रो गुप्तांङ्गहरुलाई ढांकिन्छ र शरीरको शोभा पनि हुन्छ र उत्तम पोशाक सत्यनिष्ठता नै हो, यो अल्लाहको निशानीहरु मध्ये एक हो, ताकि मानिसहरु याद गरुन

असलमा सबै लुगाहरु हलाल छन् मात्र त्यस्तो लुगाहरु बाहेक जुन् स्पष्ट शुलोकहरु द्वारा बर्जित गरिएको छ, इस्लामले कुनै खास किसिमको पोशाक तोकेको छैन कि त्यसलाई नै लगाउनु पर्छ, तर केहि यस्तो नियम कानुन र अनुशासन राखेको छ जसको पालन एउटा मुस्लिमको पोशाकमा अवश्य हुनु पर्छ, र त्यस मध्ये :

१- गुप्तांङ्गहरुलाई छोपने वाला होस, शरिरको आकारलाई स्पष्ट प्रकट गर्नेवाला नहोस ।

२- नास्तिकहरु वा कुनै खास किसिमको पापमा प्रशिद्ध व्यक्तिहरुको रुपमा प्रकट हुनको लागि लगाइएको न होस ।

३ - त्यसमा फोजुलखर्च गरेको न होस । तसर्थ यदि यो सबै नियमहरु पोशाकमा उपलब्ध छन भने आफ्नो अवश्यक्ता र समाजमा चलन अनुसार जुन सुकै पोशाक लगाउन पाइन्छ, र जुन प्रकारको लुगाहरुबाट मनाहि गरिएको छ त्यो निम्न अनुसार छन :

१- पुरुषहरुको लागि रेशम र सुन्को प्रयोग, तर महिलाहरुको लागि जायज छ, अली बिन अबुतालिब ﵁ को हदीसमा छ कि नबी ﷺ आफ्नो दायाँ हातमा रेशम र बायाँ हातमा सुन् राखि भन्नु भयो «यो दुवै वस्तु मेरो समुहको लोग्ने मानिसहरुको लागि हराम गरिएको छ» तर पुरुषहरुको लागि चाँदिको औंठि लगाउनमा कुनै हर्ज छैन र कुनै यस्तो प्रकारको लुगा लगाउनमा पनि कुनै हर्ज छैन जसमा अलिगति चाँदि टाँसिएको छ र समाजमा यस्तो लुगा लगाउने चलन भएको छ ।

२- यस्तो प्रकारको लुगा लगाउने जसमा कुनै प्राणी वस्तुको चित्र होस, तसर्थ एउटा मुस्लिमलाई कुनै यस्तो लुगा लगाउनु जायज छैन जसमा मनुष्य वा जनावरको चित्र होस, यधापि त्यो लुगामा होस, वा गहनामा होस, वा अरु कुनै पनि लगाउने वस्तुमा होस,

हजरत आइशाको हदीसमा छ कि उहाँले एउटा गलैंचा किन्नु भई जसमा बिभिन्न चित्रहरु थियो, जब रसूल ﷺ ले त्यसलाई देख्नु भयो त ढोका मै उभिराख्नु भयो र भित्र आउनु भएन, हजरत आइशाले भन्छीन् कि मैले उहाँको अनुहारमा घृणा देखे, र त्यस पछि म भने कि हे अल्लाहको रसूल ! म अल्लाहसित र रसूलुल्लाह सित आफ्नो पापको क्षमा चाहन्छु, मेरो अपराध चाहिं के छ ? रसूल ﷺ ले भन्नु भयो «कस्तो हो यो गलैंचा?» त मैले भने कि यो म तपाई कै लागि खरिद गरकी छु ताकि तपाई त्यस माथि बसनु र त्यस्लाई सिरानी राख्नु, त रसूल ﷺ ले भन्नु भयो «प्रलोकमा यस्तो चित्रकारहरुले सजाय पाउँछन, उनीहरुलाई आदेश हुन्छ कि तिमीले सृष्टि गरेको वस्तुहरुलाई जिवित गर» फेरि भन्नु भयो «जुन सुकै घरमा चित्र हुन्छ त्यसमा फरिशता अर्थात देवदुत प्रवेश गर्दैनन्» ( बुखारी- २१०७, मुस्लिम२१०५) ।